कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
इलाम, नेपाल

पत्र सङ्ख्याः २०८३/८४
चलानी सङ्ख्याः

सूचना नं. ३-२०८३/८४

प्रथमपटक प्रकाशित मितिः २०८३।०७।११
नेपाल सम्वत् ११४६ कौलागा तृतिया

## प्रस्ताव आव्हान सम्बन्धि सूचना।

यस कार्यालयको आ.व. २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सम्बन्धित कृयाकलापका लागि तोकिएका शर्तहरू पालना गरी कार्यान्वयन गर्नका लागि इलाम जिल्ला अन्तर्गतका इच्छुक कृषक, कृषक समूह, सहकारी संस्था, व्यवसायिक फर्म/कम्पनी/उद्यमी/व्यवसायीहरूले मिति २०८३/०८/११ गते कार्यालय समयभित्र कार्यालयबाट तोकिएको ढाँचामा निवेदन सहित आवश्यक कागजातहरू पेश गर्नु हुन आव्हान गरिन्छ । साथै, रित नपुगेको र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू मूल्याङ्कन प्रकृयामा लैजान अयोग्य हुने समेत जानकारी गराइन्छ । आवेदनको ढाँचा तथा अन्य आवश्यक कागजात र फारमहरू कृषि ज्ञान केन्द्र, इलामको कार्यालयमा आइ लैजान वा यस कार्यालयको आधिकारिक वेबसाइट https://www.ilam.akc.gov.np/notice बाट डाउनलोड गर्न सकिनेछ । यस सम्बन्धी कुनै थप जानकारी आवश्यक भएमा तल दिएका कार्यालयका नम्बरहरूमा सम्पर्क राख्न सकिनेछ ।

.................................
रविकिरण अधिकारी
प्रमुख (अधिकृतस्तर नवौं)

कृयाकलापहरूको विवरणः

| क्र.सं. | कृयाकलाप | परिमाण | जम्मा बजेट | कार्यालयको अधिकतम सहयोग प्रतिशत | आवश्यक मापदण्ड |
|---|---|---|---|---|---|
| १. | मौरी उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बद्ध उपकरण सामग्रीमा सहयोग | २ | ४ लाख | ५० | न्यूनतम् २० वटा घारमा व्यावसायिक मौरीपालन गरी मह उत्पादन गर्दै आएको |
| २. | उत्पादन क्षेत्रमा तरकारी फलफूल सुकाउने सोलार ड्रायर प्रवर्द्धन | २ | ४ लाख | ५० | न्यूनतम् ५ रोपनीमा तरकारी/ फलफूलको व्यवसायिक खेती गरिरहेको वा फलफूल तथा तरकारी प्रशोधन सम्बन्धी व्यवसाय सञ्चालन गरिरहेको |

सम्पर्क नम्बरः ०२७-५२३०४६।४७ (कार्यालय)
९८५२६८१६६८ (प्रमुख)
९८५२८२३०४६ (सूचना अधिकारी)

ईमेलः akcillam@gmail.com
वेभ साइटः https://www.ilam.akc.gov.np
फेसबुकः https://www.facebook.com/akcillam

कोशी प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

इलाम, नेपाल

पत्र सङ्ख्याः २०८३/८४

चलानी सङ्ख्याः

| क्र.सं. | कृयाकलाप | परिमाण | जम्मा बजेट | कार्यालयको अधिकतम सहयोग प्रतिशत | आवश्यक मापदण्ड |
|---|---|---|---|---|---|
| ३. | गडयौली मल उत्पादन तथा प्राङ्गारीक मल सुधार कार्यक्रम | १५ | ३.७५ लाख | ५० | न्यूनतम ५ वटाको क्लष्टरमा गर्ने गरी माग गर्नुपर्ने |
| ४. | पदमार्ग प्रभाव क्षेत्र लक्षित कृषि उत्पादन कार्यक्रम | १ | ३ लाख | ७५ | पदमार्ग वरपरका क्षेत्रमा तरकारी खेती, रैथाने बाली, मौरीपालन, सिँचाइ, च्याउ खेती, कृषि यन्त्र, टहरा निर्माण, साना यन्त्र उपकरण, सिँचाइ पूर्वाधार, उत्पादित वस्तुको प्रशोधन तथा बजारीकरणमा अनुदान उपलब्ध गराउन सकिने |
| ५. | पदमार्ग प्रभाव क्षेत्रमा रैथाने बाली संरक्षणका लागि सामुदायिक बीउ बैंक संचालन कार्यक्रम | १ | ३ लाख | ८५ | इलाम जिल्लामा रैथाने बाली, स्थानीय बाली वा जातका रूपमा प्रचलित बाली वा जातहरूको समुदायस्तरमा बीउ उत्पादन गर्ने तथा संरक्षण गर्ने कार्यमा संलग्न भइरहेको वा गर्नसक्ने पर्याप्त आधार भएको हुनुपर्ने |

**आवश्यक कागजातहरू:**

१. कार्यालयबाट तोकिएको ढाँचामा निवेदन, प्रस्ताव

२. संस्थागत (समूह, सहकारी, फर्म, समिति आदि) आवेदकले प्रति आवेदन रू. २००/- तथा व्यक्तिगत कृषकको हकमा प्रति आवेदन रू. १००/-

३. कृषकको हकमा नागरिकताको प्रतिलिपि र जग्गा सम्बन्धी कागजातको प्रतिलिपि, कृषक परिचय पत्र नं भएमा सो समेत उपलब्ध गराउने, तालिम वा अनुभवको प्रमाण-पत्र भएमा सो समेत राख्ने, पासपोर्टको प्रतिलिपि (वैदेशिक अनुभव लिएको वा लिनका लागि बनाएको भएमा), विगत ३ वर्षमा आवेदकले यस कार्यालय वा अन्य निकायबाट रु. ५लाख वा बढीको अनुदान नलिएको र यस वर्ष नलिने स्वः घोषणा पत्र

४. संस्थागत हकमा संस्था दर्ता तथा नवीकरण, संस्थागत निर्णय, स्थायी लेखा नम्बर (PAN, VAT) र कर चुक्ता, आधिकारिक प्रतिनिधि तोकिएको पत्र र निजको नागरिकताको प्रतिलिपि

५. भाडाको जग्गामा खेती गर्ने भएमा कानून बमोजिमको सम्झौतानामा

प्रमुख

सम्पर्क नम्बरः ०२७-५२३०४६।४७ (कार्यालय)
९८५२६८१६६८ (प्रमुख)
९८५२८२३०४६ (सूचना अधिकारी)

ईमेलः akcillam@gmail.com
वेभ साइटः https://www.ilam.akc.gov.np
फेसबुकः https://www.facebook.com/akcillam